# ५ पावलको आमूलरुपमा आत्मिक परिवर्तन

*<u>यस अध्यायका मूल पदहरू:</u>* प्रेरित २६:९-११, व्यवस्था २१:२३, प्रेरित ९:१-२०, १ कोरन्थी ९:१, गलाती १:१ र प्रेरित ९:२०-३०।

*<u>यस अध्यायको मूल सार पद:</u>* **"जाऊ, अयहूदी र तिनीहरूका राजा महाराजाहरू र इस्राएलका मानिसहरूको सामु मेरो नाउँ घोषणा गर्ने औजार हुन त्यस मानिसलाई मैले चुनेको छु।" (प्रेरित ९:१५ रूपान्तरित)।**

प्रेरितहरूको इतिहासमा टार्ससको सावलको आमूलरूपमा आत्म परिवर्तनलाई एक अत्यन्त उल्लेखनीय घट्नामा गनिएको छ। येशूलाई हेरेर आफ्नो जीवन परिवर्तन गर्ने सावल पछि गएर पावल भनेर सम्बोधन गर्न पुगेका थिए। पावलको नाटकीयरूपमा भएको आत्मिक परिवर्तमामात्र महत्त्वको बिषय नभएर उनी चर्चको परमशत्रु वा (विश्वासीहरूको निम्ति राक्षस) भएको व्यक्ति, इसाई इतिहासमा पक्का इसाई भएको सावित उनले गरेका थिए। एक पटक इसाईहरूलाई घोर आतङ्कित पार्ने व्यक्ति सुसमाचारको निम्ति कस्तो काम गर्न थाले भन्ने विषय अत्यन्त चासोको विषय हो। सुरूका इसाईहरूको विरुद्धमा कदम चालेर आफूले जे गरिरहेका थिए सो ठीक थिए भनेर भित्री हृदयदेखि नै उन्मुक्त व्यक्ति पावलले भर्खरै जन्मेको चर्चको अझ ठूलो क्षती पुऱ्याउन सक्दथे। उनले चर्चलाई सत्यानाश गर्न आफूलाईमात्र समर्पित नगरिकन आधिकारिक रूपमै त्यो कामको निम्ति अधिकार पाएका थिए। यद्यपि, जब दमस्कसको बाटोमा येशूले उनलाई बोलाउनुभयो त्यसलाई सहस्र स्वीकार गरेर उनी प्रेरितहरूमा अत्यन्त महान् धरोहरको रूपमा खडा हुन पुगे। "आफ्नो सारा शक्ति ख्रीष्टको चर्चलाई धरासयी बनाउन जुटेका परमशत्रु र आतङ्ककारी पावल अब सुसमाचार सुनाउन र त्यसको पक्षमा बोल्ने अत्यन्त प्रभाकारी खुबी भएको व्यक्ति भएर उभिन पुगेका थिए।"-एलेन जी ह्वाइट, *स्केचेस फ्रम दि लाइफ अभ पावल,* पृ. ९बाट रूपान्तरित।

सुरूका चर्चका विश्वासीहरूलाई आफूले गरेको सास्तीले गर्दा उनी आत्मग्लानीले पग्लिएका थिए र आफू परमेश्वरको अनुग्रहको उपभोग गर्न असक्षम भएको भित्रैदेखि ठान्दथे। तैपनि उनले पाएका परमेश्वरको

अनुग्रहलाई बेकारमा नपारेको भन्दै उनले त्यसप्रति भित्री मनदेखि नै गहिरोरूपमा आफ्नो कृतज्ञता व्यक्त गरेका थिए। पावलको आत्मिक परिवर्तनले गर्दा इसाई इतिहास सदाको निम्ति परिवर्तन भएको थियो।

## १. चर्च अर्थात् विश्वासीहरूलाई दुःखकष्ट दिएर आतङ्कित बनाउने व्यक्ति

पावल यरुशलेमको स्थानीय यहूदी नभएर ग्रीक तथा रोमी सभ्यताको प्रभावमा परेको विदेशी आप्रवासी यहूदी थिए। उनको जन्मस्थल टारससमा थियो जुन कि सिसिलियाको राजधानी थियो (प्रेरित २१:३९)। पावललाई आफू विदेशी अर्थात् ग्रीक र रोमी सभ्यताको प्रभावमा हुर्केको भन्ने कुरोलाई केही हदसम्म बिर्सेको हुनसक्छ। उनलाई तत्कालिन प्रख्यात धर्मगुरु फरिसीमतको गमलियल (प्रेरित २२:३)को चेला भएर केही समय उनले बिताएका थिए। पावल फरिसी भएको कारणले उनी यहूदी धर्मको कट्टर विश्वासी थिए। यहूदी धर्मप्रति उनमा भएको जोशले उनी अतिवादी हुनपुगेका थिए (गलाती १:१४)। त्यही कारणले गर्दा स्तिफनसको हत्यामा उनले अग्रणी भूमिका खेल्न पुगेका थिए साथै येशूका भक्तहरूलाई सतावत दिनेहरूका नाइके पनि भएका थिए।

**येशूका भक्तजनहरू तथा चर्चको बिरोधमा उनले गरेको व्यवहारलाई पावलले कसरी व्याख्या गर्दछन्? हेर्नुहोस् प्रेरित २६:९-११ "९ “नासरतका येशूका नाउँको विरुद्धमा धेरै कारबाई गर्नुपर्छ भन्ने म आफैलाई पनि विश्वास थियो। १० मैले यरूशलेममा त्यसै गरें, र मुख्य पूजाहारीहरूबाट अख्तियार पाएर धेरै सन्तहरूलाई मैले झ्यालखानमा हालेको मात्र होइन, तर तिनीहरूलाई मार्दा तिनीहरूकै विरुद्धमा मैले मेरो मत पनि दिएँ। ११ अनि सबै सभाघरहरूमा तिनीहरूलाई बारम्बार सजाय दिईकन तिनीहरूलाई विश्वास त्याग गराउने चेष्टा गर्थे। तिनीहरूका विरुद्धमा क्रोधले उन्मत्त भईकन बाहिरका सहरहरूमा पनि मैले तिनीहरूलाई सताएँ।"**

यहूदीहरूको निम्ति सुसमाचार ठेस खाने ढुङ्गा वा तगारो भनेर पावलले १ कोरन्थी १:२३मा उल्लेख गरेका छन्। यहूदीहरूले परम्परागतरुपमा अपेक्षा गरे अनुसार येशू राजकीय मसीह अर्थात् यरुशलेममा यहूदी धर्म राज्य स्थापना गर्ने चक्रवर्ती राजा हुनुभएको थिएन। त्यसकारण तिनीहरूको सोचमा येशू ठीक पर्नुभएको थिएन। त्यतिमात्र नभएर व्यवस्थाको नियम अनुसार जो रुखमा झुण्डिन्छ त्यो श्रापित होस् (व्यवस्था २१:२३) भनेको हुनाले क्रुसमा

झुण्डिएका येशूलाई मसीह भनेर स्वीकार गर्ने पक्षमा ती यहूदीहरू थिएनन्। त्यसकारण यहूदीहरूको निम्ति क्रुसको सन्देश अत्यन्त घृणास्पद थियो किनकि क्रुस र तिनीहरूले अपेक्षा गरेको मसीहको बीचमा भारि अन्तर थियो। त्यसैकारण येशू नै मसीह हुन् भनेर दावी गर्ने चर्च ती यहूदीहरूको निम्ति झुठा ठहरिएको थियो।

टार्सस भन्ने देशमा जन्मिएका सावल येशूका विश्वासीहरूलाई खतम गर्ने अभियानको नाइके भएका थिए भनेर प्रेरित ९:१,२ले बताउँछ। दमस्कसमा गएर येशूका विश्वासीहरूलाई नाश पार्ने अनुमति पावलले पाएका थिए। दमस्कस यरुशलेम सहरको करिब एकसय पैंतिस माइल उत्तरमा पर्दछ। त्यो अत्यन्त महत्त्वपूर्ण सहर थियो। त्यहाँ यहूदीहरूको ठूलो जनसंख्या थियो। यहूदिया वा इस्राएलभन्दा बाहिर रहेका यहूदीहरू एक किसिमको सञ्जालमा संगठित थिए। तिनीहरूको मुख्य कार्यालय यरुशलेममा थियो। तिनीहरू यहूदीहरूको सभासद वा सानहिद्रनसँग मिलेर काम गर्दथे। सानहिद्रन, स्थानीय सिनिगग अर्थात यहूदी सभास्थलको रेखदेख गर्ने र सहयोग गर्ने केन्द्रीय कार्यालय थियो। त्यस कार्यालयबाट पठाइएका यहूदी समाजका अगुवाहरू जसलाई हिब्रू भाषामा शालिएह shaliah भन्दछन् र यहूदी सभासद वा सानहिद्रणको बीचमा निरन्तररूपमा सम्पर्क भइरहन्थ्यो। (हिब्रू भाषाको शालिएह shaliah भन्ने शब्द शलाह shalah। अर्थात पठाउनुबाट आएको हो)। पठाइएको व्यक्ति वा शालिएह भन्ने व्यक्ति सानहिद्रण वा यहूदी सभासदको आधिकारिक व्यक्ति हुन्थ्यो जसलाई विभिन्न धार्मिक काम गर्न नियुक्त गरिएको हुन्थ्यो।

इसाईहरूलाई खतम गर्ने जोशमा हिँडेको पावलले मुख्य पुजारी वा सानहिद्रनको अध्यक्षकहाँ गएर दमस्कसका सभाघरहरूलाई सम्बोधन गरिएको पत्रहरू उपलब्ध गरेका थिए। त्यस हिसाबले उनी शालिएह हुनुपुगेका थिए। अर्थात् दमस्कसमा भएका येशूका भक्तहरूलाई पक्रेर यरुशलेममा ल्याउने अधिकार उनले पाएका थिए (प्रेरित २६:१२)। ग्रीक भाषामा शालिएहलाई आपोस्टोलोस apostolos भनिन्छ जुन् आपोस्टल्स apostle भन्ने शब्द आएको छ। त्यसको प्रेरित भन्ने अर्थ लाग्दछ। त्यसरी येशूको प्रेरित वा सुसमाचार सुनाउने आधिकारिक व्यक्ति हुनुभन्दा पहिले पावल यहूदी धर्म सभासद वा सानहिद्रनको प्रेरित वा आधिकारिक व्यक्ति थिए जसले येशूका अनुयायीहरूलाई पक्रिने अधिकार पाएका थिए।

तपाईं असल वा खराब कामको निम्ति जोशिलो हुनुभएको तर पछि त्यो जोशलाई परिवर्तन गर्नुभएको पछिल्लो समय कहिले थियो? त्यस अनुभवले तपाईंले कस्तो पाठ सिक्नुभएको थियो?

## २. दमस्कसको बाटोमा

येशूका अनुयायीहरूलाई खतम पार्न राक्षसी रिस लिएर दमस्कसमा हिँडेका पावल उक्त सहरको नजिक पुग्दा उनलाई के भयो? पावललाई येशूले जुन वचनहरू सम्बोधन गर्नुभयो त्यसको महत्त्वपूर्ण अर्थ के हो? हेर्नुहोस् " १ शाऊल प्रभुका चेलाहरूका विरुद्धमा अझ पनि धम्की र हत्याको धुनमा प्रधान पूजाहारीकहाँ गए, २ र तिनले त्यस मार्गका पुरुष होस् वा स्त्री, जसलाई फेला पारे पनि तिनीहरूलाई बाँधेर यरूशलेममा ल्याउन पाऊँ भनी दमस्कसका सभाघरहरूको नाउँमा पुर्जी मागे। ३ जब शाऊल यात्रा गर्दै दमस्कसको नजिक पुगे, अचानक स्वर्गबाट एउटा ज्योति तिनको वरिपरि चम्क्यो। ४ तिनी भूइँमा लोटे, र तिनले यसो भन्ने सोर सुने, “शाऊल, शाऊल, तिमी किन मलाई सताउँछौ?” ५ तिनले भने, “प्रभु, तपाईं को हुनुहुन्छ?” अनि उहाँले भन्नुभयो, “म येशू हुँ, जसलाई तिमी सताउँदैछौ। ६ तर उठेर सहरमा जाऊ, र तिमीले जे गर्नुपर्छ सो तिमीलाई बताइनेछ।” ७ तिनको साथमा जाने मानिसहरूले सोरचाहिँ सुने, तर कसैलाई नदेख्दा अवाक भई उभिरहे। ८ तब शाऊल भूइँबाट उठे र आँखा खोल्दा तिनले केही पनि देखेनन्, र तिनीहरूले तिनका हात समाती डोऱ्याएर तिनलाई दमस्कसमा ल्याए। ९ अनि तीन दिनसम्म तिनी नदेख्ने भए, र न त खाना खाए न पानी पिए।" प्रेरित ९:१-९ साथै "जब हामी सबै जमिनमा लोटेका थियौं, तब हिब्रू भाषामा मलाई यसो भनिरहेको आवाज मैले सुनें, “शाऊल, शाऊल, तिमी किन मलाई सताउँदछौ? सुइरोमा लात हान्दा तिमीलाई नै दुख्छ।” प्रेरित २६:१४।

जब पावल र उनका साथीहरू दमस्कसमा पुग्न लागेका थिए बाटोमा तिनीहरूले अपेक्षा नगरेको घट्ना भयोः मध्य दिनमा स्वर्गबाट अत्यन्त चम्किलो ज्योति तिनीहरूमाथि पऱ्यो र त्यहाँबाट आकासबाणी भयो। यो केवल भविष्यवक्ताहरूले देख्ने स्वप्न दर्शनमात्र थिएन तर परमेश्वरबाट प्रकट गर्नुभएको ईश्वरीय शक्ति थियो जुन पावललाई मात्र लक्षित गरिएको थियो। उनका साथीहरूले पनि चहकिलो ज्योति देखेका थिए तर पावलमात्र अन्धो बन्न पुगेका थिए। सबैले आवाज त सुने तर पावललेमात्र बुझ्न सकेका थिए। त्यो ज्योति पुनरुत्थान हुनुभएको येशूको ईश्वरीय महिमा थियो, त्यसबेला येशू नै

पावलकहाँ व्यक्तिगत रूपमा देखा पर्नुभएको थियो (प्रेरित २२:१४)। अरू पदहरूमा पनि पावलले येशूलाई देखेको जिकिर गर्दछन्। त्यसले गर्दा उनी पनि अरू बाह्र जस्तै येशूको पुनरुत्थानको साक्षी भएको दावी गर्दछन् र त्यस हिसाबले उनी पनि प्रेरित हुने अधिकार पाएको दावी गर्दछन् (१ कोरन्थी ९:१,१५:८)।

अत्यन्त चहकिलो ज्योति भन्दा पनि येशू र पावलको बीचमा जुन कुराकानी भयो त्यो पावलको निम्ति गहिरो छाप भएको थियो। येशूका अनुयायीहरूलाई खतम पार्ने कदम परमेश्वरकै चाहना अनुसार गरेको हो र त्यस कामले यहूदी धर्मलई सफा गर्नेछ र त्यसलाई बिटुलो पार्ने येशूका मतलाई खतम पारे हुन्छ भन्ने कुरामा पावल अत्यन्त विश्वस्त थिए। जब दमस्कसमा येशूसँग जुन जम्का भेट भयो त्यसले येशू जीवित मात्रै होइन उहाँका अनुयायीहरूलाई आक्रमण गर्नु भनेको उहाँलाई आक्रमण गर्नुसरह हो भन्ने आत्मज्ञान पाएर पावल आफूदेखि वाक्क भएका थिए।

जब येशूले पावलसँग कुरा गर्दै हुनुहुन्थ्यो उहाँले ग्रीक भाषाको आहान (उखान) जुन पावललाई थाहा थियो सो प्रयोग गर्नुभयो **"शाऊल, शाऊल, तिमी किन मलाई सताउँदछौ? सुइरोमा लात हान्दा तिमीलाई नै दुख्छ।"** (प्रेरित २६:१४)। जब गोरूलाई अगुवाई गर्न किसानले तिखो लठ्ठी प्रयोग गर्छ त्यसलाई पन्छाएर गोरु चल्न खोज्दा गोरुलाई नै चोट पर्दछ। त्यसले उसलाई झन दुखाउँदछ।

पावलको दिमागमा के संघर्ष चलिरहेको थियो भन्ने कुरा उक्त आहानले देखाउँदछ। त्योचाहिँ परमेश्वरको आत्माले काम गरिरहेको भनेर बाइबलले बताउँदछ (यूहन्ना १६:८-११)। आफ्नो नेतृत्वमा स्तिफनसको हत्या गरियो त्यसैबेलादेखि पावलको दिमागमा संघर्ष चलिरहेको हुनुपर्छ।

"स्तिफनसको मुद्दामा पावलले उल्लेखनीय भूमिका खेलेका थिए। जुनरूपमा स्तिफनस सहीद भए त्यसले पावलको दिमागमा गहिरो छाप परेको थियो। येशूका भक्तहरूको नाश पार्ने काम धार्मिक वा असल काम हो कि होइन भनेर पावलको दिमागमा ठूलो संघर्ष चलिरहेको थियो। उनको दिमाग गहिरोरूपमा खलबलिएको थियो। आफ्नो अन्योलतामा आफूभन्दा जान्नेसँग र यहूदी धर्मको ज्ञानमा निपूर्ण भएकाहरूसँग आफूले जे गरिरहेका थिए सो ठीक वा बुद्धिमानी थियो कि भनेर सरसल्लाह दिन अनुरोध गरेका थिए। तर यहूदी धर्मका पण्डित र शासकहरूले अनेकौं तर्क निकालेर स्तिफनसले परमेश्वरको

खिलाफमा गएको र सहीद भएको चेलाले जुन येशूको बारेमा प्रचार गरेका थिए सो नक्कली वा झुठो भएको र पवित्र काममा लागेका पुजारीहरू ठीक थिए भन्ने कुरामा पावल विश्वस्त हुन पुगेका थिए।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ द आपोस्टल्स,* पृ. ११२,११३बाट रूपान्तरित।

**अरूको बहकाउमा नलागी आफ्नै विवेकको कुरा सुन्न किन बुद्धिमानी हुनसक्छ?**

## ३ हननियासँगको भेट

"१ शाऊल प्रभुका चेलाहरूका विरुद्धमा अझ पनि धम्की र हत्याको धुनमा प्रधान पूजाहारीकहाँ गए, २ र तिनले त्यस मार्गका पुरुष होस् वा स्त्री, जसलाई फेला पारे पनि तिनीहरूलाई बाँधेर यरूशलेममा ल्याउन पाऊँ भनी दमस्कसका सभाघरहरूको नाउँमा पुर्जी मागे। ३ जब शाऊल यात्रा गर्दै दमस्कसको नजिक पुगे, अचानक स्वर्गबाट एउटा ज्योति तिनको वरिपरि चम्क्यो। ४ तिनी भूइँमा लोटे, र तिनले यसो भन्ने सोर सुने, "शाऊल, शाऊल, तिमी किन मलाई सताउँछौ?" ५ तिनले भने, "प्रभु, तपाईं को हुनुहुन्छ?" अनि उहाँले भन्नुभयो, "म येशू हुँ, जसलाई तिमी सताउँदैछौ। ६ तर उठेर सहरमा जाऊ, र तिमीले जे गर्नुपर्छ सो तिमीलाई बताइनेछ।" ७ तिनको साथमा जाने मानिसहरूले सोरचाहिँ सुने, तर कसैलाई नदेख्दा अवाक भई उभिरहे। ८ तब शाऊल भूइँबाट उठे र आँखा खोल्दा तिनले केही पनि देखेनन्, र तिनीहरूले तिनका हात समाती डोऱ्याएर तिनलाई दमस्कसमा ल्याए। ९ अनि तीन दिनसम्म तिनी नदेख्ने भए, र न त खाना खाए न पानी पिए। १० दमस्कसमा हननिया नाउँ भएका एक जना चेला थिए। तिनलाई प्रभुले दर्शनमा भन्नुभयो, "ए हननिया।" तिनले भने, "प्रभु, हाजिर छु।" ११ तब प्रभुले तिनलाई भन्नुभयो, "उठ, र 'सीधा' नामक गल्लीमा जाऊ, र त्यहाँ यहूदाको घरमा शाऊल नाउँ भएका टार्सस-निवासीलाई खोज, किनकि तिनी प्रार्थना गरिरहेका छन्। १२ तिनले दर्शनमा हननिया नाउँ भएका एक जना मानिस भित्र आएर तिनले दृष्टि पाऊन् भनेर आफूमाथि उनका हात राखेका देखेका छन्।" १३ तर हननियाले भने, "प्रभु, यी मानिसले यरूशलेममा तपाईंका सन्तानहरूलाई कत्ति धेरै खराबी गरेका छन्, सो मैले धेरै जनाबाट सुनेको छु। १४ यहाँ पनि तपाईंको नाउँ लिने सबैलाई बाँध्ने अधिकार मुख्य पूजाहारीहरूबाट तिनले पाएका छन्।" १५ तर प्रभुले तिनलाई भन्नुभयो, "जाऊ, किनकि अन्यजातिहरू, राजाहरू र इस्राएलका सन्तानका सामुन्ने मेरो नाउँ प्रचार गर्न तिनी छानिएका मेरा एक

पात्र हुन्, १६ किनकि मेरो नाउँको खातिर तिनले कति कष्ट भोग्नुपर्छ, सो म तिनलाई देखाउनेछु।" १७ तब हननिया गएर त्यस घरभित्र पसे, र तिनीमाथि आफ्ना हात राखेर भने, "भाइ शाऊल, जुन प्रभु येशू तिमी आइरहेको बाटोमा तिमीकहाँ देखा पर्नुभएको थियो, उहाँले नै तिमीले दृष्टि पाऊ र तिमी पवित्र आत्माले भरिपूर्ण होऊ भनी मलाई पठाउनुभएको छ।" १८ तुरुन्तै तिनका आँखाबाट पाप्राजस्ता केही खसे, र तिनले फेरि दृष्टि पाए। तब तिनी उठे र बप्तिस्मा लिए, १९ अनि भोजन खाएर तिनले बल पाए। शाऊल निकै दिनसम्म दमस्कसमा भएका चेलाहरूसँग रहे।" प्रेरित ९:१-१९।

जब शाऊलले येशू आफैसँग कुरा गरिरहेको महसुस गरे तब उनले उहाँलाई प्रश्न गरे। शाऊलको प्रश्नले नै शाऊलले के चाहेका थिए सो थाहा दिने अवसर येशूले पाउनुभएको थियो। प्रेरित २२:१०मा शाऊलले सोध्छन्, "प्रभु म अब के गरूँ" (रूपान्तरित)। उनको प्रश्नले आफ्नो क्रियाकलापलाई पश्चाताप गरेको देखाइएको थियो। तर त्यो भन्दा अझ महत्त्वपूर्ण कुरोचाहिँ बिनाशर्त येशूलाई आफ्नो जीवन सुम्पेर उहाँको अगुवाईमा हिँड्ने चाहाना गरेको त्यस प्रश्नले स्पष्ट आभास् दिन्छ। दमस्कसमा शाऊललाई लगियो र तिन दिनसम्म अब उनलाई के होला भनेर उनी पर्खेर बसे।

टार्ससको शाऊलको नयाँ जीवनमा, शाऊलबाट पावल हुन परमेश्वरले कस्तो काम गर्न तयारी गरिरहनुभएको थियो भनेर प्रेरित ९:१०-१९ले देखाउँदछ। परमेश्वरले हननियालाई दर्शन दिनुहुन्छ र भन्नुहुन्छ शाऊललाई भेटेर उनको शिरमा हात राखेर पुनदृष्टि देऊ। परमेश्वरको आदेशप्रति हननिया एक छिन त झस्किन्छन् किनकि उनलाई यो थाहा थियो कि शाऊलले गर्दा धेरै विश्वासी दाजुभाइहरूले दुःख पाएका थिए र ज्यानसमेत गुमाएका थिए। कुन लक्ष्य लिएर शाऊल दमस्कसमा आएका थिए त्यो पनि उनलाई थाहा थियो। उनी शाऊलको प्रथम शिकारी हुन चाहेनन्। त्यसकारण परमेश्वरको आदेशमा उनी किन झस्किए र आनकानी गरे सो सजिलैसँग बुझ्न सकिने कुरो हो।

तर दमस्कसको बाटोमा शाऊलको येशूसँग जम्का भेट भएको जसले गर्दा उनको जीवन सदाको निम्ति परिवर्तन भएको हननियालाई तत्कालै थाहा थिएन। यहूदी धर्मसभासद वा धर्मगुरुहरूको लागि काम गरिरहेको शाऊल अब येशूको निम्ति काम गर्नेछ भन्ने कुरा थाहा पाएर हननिया अचम्म मानेका थिए। त्यसको अर्थ शाऊल अब सानहिद्रन वा यहूदी धर्मसभाको प्रेरित वा दूत

नभएर यहूदी र अयहूदीहरूलाई सुसमाचार सुनाउने औजारको रूपमा येशूले उनलाई चुन्नुभएको थियो।

**आफू अरू प्रेरितहरूभन्दा कम नभएको वा प्रेरित वा येशूका बिशेष दूत हुने दावी गलाती १:१,११,१२मा पावलले कसरी सुनाउँछन्? हेर्नुहोस् " १ पावल ख्रीष्टको एक प्रेरित, जो मानिसहरूबाट वा कुनै मानिसद्वारा पठाइएको होइन, तर येशू ख्रीष्ट र परमेश्वर पिता, जसले उहाँलाई मृत्युबाट जीवित पार्नुभयो, उहाँबाट पठाइएको हुँ, ... ११ भाइ हो, तिमीहरूले यो जान भन्ने म चाहन्छु, कि मैले प्रचार गरेको सुसमाचार मानिसको सुसमाचार होइन। १२ किनकि मैले यो कुनै मानिसबाट पाएको होइनँ, न मलाई यो सिकाइएको थियो, तर येशू ख्रीष्टको प्रकाशद्वारा मैले यो पाएको हुँ।"**

आफूले पाएको सन्देश र आफू येशूको प्रेरित वा बिशेष दूत भएको जिम्मेवारी कुनै मानवीय अधिकारबाट नभएर येशूबाट सिधै आफूले पाएको भनेर पावलले गलातीका विश्वासीहरूलाई जिकिर गर्दछन्। त्यसको अर्थ उनको बोलावट वा उनले गर्ने कामको अनुमोदन हननियाले गर्न पुगेका थिए भन्ने कुरा अमान्य छ भन्न खोजिएको होइन। जब हननिया पावल बसिरहेको घरमा पुगे र उनीमाथि हात राखेर प्रार्थना गरे तब दमस्कसको बाटोमा येशू आफैले पावललाई दिनुभएको जिम्मेवारीलाई अनुमोदन गरिरहेका थिए।

राक्षसी क्रोधले मात्तिएका पावलको जीवन यस्तो नाटकीय रूपमा परिवर्तन भयो कि कुनै पनि मानवीय कारणले हुन गएको थियो भनेर मानिसलाई जस दिने ठाउँ नै थिएन। येशूको ईश्वरीय हस्तक्षेपले मात्र उहाँको खुँखार विरोधी अचानक आत्मपरिवर्तन भएर उहाँलाई मुक्तिदाता र प्रभु भन्न पुगेका थिए। त्यसको अर्थ पावलले आफ्नो मान, इज्जत, यहूदी धर्मनै सत्य हो भन्ने प्रतिवद्धता सबै त्यागेर येशूको परमभक्त र अत्यन्त उल्लेखनीय प्रेरित हुने अभिभारा अङ्गालेका थिए।

**परमेश्वरको अचम्मको अनुग्रह कसरी परिचालित हुने रहेछ भनेर पावलको आत्मपरिवर्तनको कथाले कसरी स्पष्टरूपमा चित्रण गर्दछ? तपाईंले आफ्नो जीवनमा कतिपय मानिसहरूलाई चिन्नुभएको होला वा भेट्नुभएको होला वा सुसमाचार नै सुनाउनुभएको होला र तपाईंले भन्नुहोला तिनीहरू कहिल्यै पनि सही सत्यको बाटोमा लाग्ने छैनन् भनेर शङ्का गर्नुहोला तर पावलको उदाहरणले त्यो शङ्का गलत हुनसक्छ भनेर तपाईंले कसरी सिक्ने?**

## ४. पावलको सुसमाचार सुनाउने सेवाकार्यको थालनी

यरुशलेममा (प्रेरित ९:२६) फर्कनु अघि पावल केही समयसम्म दमस्कसमै रहेका थिए भनेर प्रेरित ९:१९-२५ले आभास् दिन्छ। यरुशलेममा फर्कनु अघि पावल अरेबियामा केही समयसम्म एकान्तमा थिए भनेर गलाती १:१७ले बताउँछ। "मरुभूमिको एकान्त ठाउँमा चुपचाप अध्ययन गर्न र ध्यान गर्न पावलले अवसर पाएका थिए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टलस्, पृ.१२५बाट रूपान्तरित।

**दमस्कसमा पावलको सुसमाचार प्रचारको बारेमा लूकाले कसरी व्याख्या गर्दछन्? हेर्नुहोस् प्रेरित ९:२०-२५ " शाऊल निकै दिनसम्म दमस्कसमा भएका चेलाहरूसँग रहे। २० अनि तुरुन्तै तिनले सभाघरहरूमा येशूको घोषणा यसरी गरे, "उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ।" २१ तब सुन्नेहरू जति सबैले अचम्म मानेर भने, "यो नाउँ लिने जतिलाई यरूशलेममा संहार गर्ने र यहाँ पनि तिनीहरूलाई बाँधेर मुख्य पूजाहारीहरूकहाँ लैजाने अभिप्रायले आउने यही होइन र?" २२ तर शाऊल अझ बढ़ी शक्तिशाली हुँदैगए, र येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने प्रमाण दिएर दमस्कसमा रहने यहूदीहरूलाई अकमक्क पारिदिए। २३ अनि धेरै दिन बितेपछि यहूदीहरूले तिनलाई मार्ने षड्यन्त्र रचे। २४ तर तिनीहरूको षड्यन्त्र शाऊललाई थाहा भयो। उनीहरू तिनलाई मार्न रातदिन सहरका ढोकाहरूमा ढुकेर बस्थे। २५ तर तिनका चेलाहरूले तिनलाई राती नै डालोमा हाली पर्खालबाट ओह्रालिदिए।**

दमस्कसको यहूदी सभाघर वा सिनिगगमा यहूदी इसाईहरू शरण लिएर बसेका होलान् त्यसकारण तिनीहरूलाई पक्रन मुल पुजारीको पत्र लिएर आएका थिए र सुरूमा त्यहीं जाने शाऊलको लक्ष्य थियो (प्रेरित ९:२)। अब अरेबियाबाट फर्केपछि उनी यहूदी सभाघरहरूमा त गए तर विश्वासीहरूलाई पक्रन होइन तिनीहरूको संख्या बढाउन। येशू नक्कली वा जाली भनेर उनको बदनाम गर्न होइन बरू उहाँ इस्राएलको मसीह हुनुहुन्छ भनेर सबै मानिसहरूको सामु प्रस्तुत गर्न दमस्कसमा उनी सुरिन पुगेका थिए। येशूका विश्वासीहरूलाई सताउने व्यक्ति अब येशूकै लागि गवाही भएर बोल्न थाल्दा उनलाई सुन्नेहरूको दिमाग कसरी खलबलिन पुगे होला? टार्ससको शाऊल पूर्ण परिवर्तन भएर चर्चको लागि सक्रिय हुन जाँदा अरू मानिसहरू आश्चर्य चकित बन्नु स्वाभाविकै थियो । यस नयाँ आत्मपरिवर्तनभएको मानिसको प्रभाव कस्तो हुनेछ भनेर तत्कालिन मानिसहरूले सोचेका पनि थिएनन् होला।

पावलको सामु मुखामुख गरेर उनले दिएको सन्देशको प्रतिवाद गर्न नसक्ने कतिपय बिरोधीहरूले उनको ज्यान लिने षडयन्त्र गरेका थिए। बिरोधीहरूले पावललाई दोष दिन तिनीहरूले स्थानीय प्रशासनमा उजुर दिएका थिए भनेर पावलले आफ्नो कथामा उल्लेख गर्दछन् (२ कोरन्थी ११:३२,३३)। तर विश्वासीहरूको सहायताले पावललाई डोकोमा राखेर झ्यालबाट झारिएको थियो र उनी भाग्न सफल भए। सायद त्यो घर सहरको पर्खालमा बनेको हुनसक्छ।

आफूले अनेकौं चुनौतिको सामना गर्नुपर्छ भनेर पावललाई सुरूदेखि नै थाहा थियो (प्रेरित ९:१६मा येशूले भन्नुभएको थियो "१६ किनकि मेरो नाउँको खातिर तिनले कति कष्ट भोग्नुपर्छ, सो म तिनलाई देखाउनेछु।" ) उनको सेवाकालमा उनले निरन्तररूपमा विरोधीहरूको सामना, सतावट र अनेकौं दुःखकष्टहरू बिभिन्न ठाउँहरूबाट भोग्नुपर्ने आभास उनले पाएका थिए। येशू ख्रीष्टमा नयाँ जीवनको प्रत्येक कदममा पावलले अनेकौं कष्ट र परीक्षाहरूको सामना गरेका थिए। तर उनको आस्थालाई र आफूले गर्नुपर्ने सुसमाचार सुनाउने प्रतिवद्धतालाई संसारको कुनै पनि सक्तिले हल्लाउन सकेको थिएन (पावलले यो स्वीकार गर्दछन् "७ सर्वश्रेष्ठ शक्ति हाम्रो होइन तर परमेश्वरको हो भनी प्रष्ट पार्न यो धन (आफ्नो जीवन) हामीसित माटोका भाँड़ाहरूमा छ। ८ हामी सबैतिरबाट कष्टित छौं, तर किचिएका छैनौं। अन्योलमा परेका छौं, तर हताश भएका छैनौं। ९ सताइएका छौं, तापनि त्यागिएका छैनौं। प्रहार गरेर ढलेका छौं, तापनि नष्ट पारिएका छैनौं। १० येशूको जीवन हाम्रा शरीरमा प्रकट होस् भनेर हामी उहाँको मृत्यु सधैं हाम्रा शरीरमा बोकिहिँड्छौं। ११ किनकि हामी जीवित छँदा पनि येशूको खातिर सधैं मृत्युको मुखैमा परिबस्छौं, यस हेतुले कि येशूको जीवन हाम्रा मरणशील शरीरमा प्रकटित होस्। १२ यसरी मृत्युले हामीमा काम गर्दछ, तर जीवनले तिमीहरूमा।"२ कोरिन्थी ४:७-१२)।

**एक पटक सबै धर्मगुरूहरूबाट स्यावासी पाएका पावलले जब येशूलाई आफ्नो मुक्तिदाता भनेर स्वीकार गरे तब उनले आफूलाई मृत्यु र जीवनको संघारमा पारेका थिए। उनले धेरै संघर्ष गर्नुपऱ्यो र आफ्नै यहूदी जातिहरूबाट घोर बिरोधको सामना गर्नुपऱ्यो। तर उनी कुनै तवरले हताश निराश भएर आफ्नो लक्ष्यलाई उनले त्यागेनन्। बर्तमान परिप्रेक्ष्यमा पनि हाम्रो आस्थालाई सम्हालि राख्न अनेकौं विरोध, निराशको सामना गर्नुपर्दछ। तर पावलको**

**अनुकरणीय उदाहरणबाट प्रेरणा पाएर हामीले जे जटिल समस्याहरूको सामना गर्नुपरेतापनि आफ्नो लक्ष्यमा कसरी जुटिरहने?**

## ५. पावल यरुशलेममा फर्कन्छन्

दमस्कसबाट पावल बल्लतल्ल बचेर उनी प्रथम पटक यरूशलेममा फर्कन्छन्। उनी इसाईहरूलाई नाश पार्ने मृत्युको दूत भएर दमस्कसमा गएका थिए अब त्यही इसाईहरूको प्रतिष्ठाको निम्ति अनन्त जीवनको दूत भएर यरुशलेममा आए। उनी येशूलाई विश्वास गरेर आत्मपरिवर्तन भएको तिन वर्षपछि यरुशलेममा आएका थिए (गलाती १:१८)। उनलाई हार्दिक स्वागत गरेर कसैले पनि सजिलो जीवन बिताउन दिइएको थिएन। किनभने यहूदीहरूबाट र चर्च भित्रैबाट उनले बिरोधको सामना गर्नुपरेको थियो।

**जब पावल यरुशलेममा आइपुगे उनले कस्तो अनुभव गरे? हेर्नुहोस प्रेरित ९:२६-३१ "२६ तिनी यरूशलेममा आएपछि तिनले चेलाहरूसँग मिल्ने प्रयत्न गरे। तर तिनीहरूलाई उनी चेला हुन् भन्ने पत्यार नहुँदा सबै तिनीसँग डराए। २७ तर बारनाबासले तिनलाई साथमा लिएर प्रेरितहरूकहाँ लगे। अनि शाऊलले प्रभुलाई बाटोमा देखेका र प्रभु तिनीसँग बोल्नुभएको र तिनले दमस्कसमा साहससित येशूको नाउँमा प्रचार गरेका कुरा तिनीहरूलाई बताइदिए। २८ शाऊल यरूशलेममा तिनीहरूसँगसँगै खुल्लमखुल्ला हिँड्न थाले, र साहससित प्रभुको नाउँमा प्रचार गर्न लागे, २९ अनि तिनी ग्रीक-यहूदीहरूसँग वाद-विवाद गर्थे, तर उनीहरूले तिनलाई मार्न खोज्थे। ३० तर यो थाहा पाएर भाइहरूले तिनलाई कैसरियामा ल्याए र त्यहाँबाट तिनलाई टार्ससमा पठाइदिए। ३१ त्यसरी सारा यहूदिया, गालील र सामरियाभरि मण्डलीमा शान्ति भयो र मण्डली सुदृढ भयो। प्रभुको भयमा हिँड्दै र पवित्र आत्माको सान्त्वना पाएर मण्डलीमा वृद्धि हुँदैगयो।"**

यरुशलेममा आएर प्रेरितहरूसँग घुलमिल गर्न पावलले प्रयास गरेका थिए। त्यसबेलासम्म उनी त तिन वर्षदेखिनै इसाई भइसकेका थिए। तैपनि उनको आस्थापरिवर्तन यस्तो नाटकीय रूपमा भएको थियो कि हननियाले जस्तै येशूका अग्रज चेलाहरूले विश्वास गर्न आनकानी गरेका थिए। आफूहरूलाई धरापमा पार्न पावलले नाटक गरेको भनेर ती चेलाहरू उनीसँग डराएका थिए। तर बिदेश साइप्रसबाट (प्रेरित ४:३६,३७) हेलनिस्टिक यहूदी वा पाश्चात्य ग्रीक र रोमी सभ्यतामा भिजेका बर्नावास प्रेरितहरूको बिरोधलाई मत्थर वा शान्त पारिदिए र तिनीहरूको सामु पावलको सराहनीय आस्थाको चिनारी दिए।

आखिरमा परमेश्वरले पावलको जीवनमा गर्नुभएको कामप्रति तिनीहरूले पनि अचम्म मानेको हुनुपर्छ। जब पावलको सही रूप थाहा पाए तब ती चेलाहरूले परमेश्वरको महिमा गरेका थिए।

पावलको पुरानो जीवनले गर्दा उनलाई बिरोध गर्नेहरू सबै नहराएतापनि कुन खालको सुमाचार उनले सुनाउन पुगेका थिए त्यसको निम्ति उनले भित्र र बाहिर अर्थात् यहूदी र यहूदीबाट इसाई हुनेहरूबाट नै बिरोधको सामना गर्नुपरेको थियो। स्तिफनसले जस्तै अरू इसाई यहूदी विश्वासीहरू र प्रेरितहरू समेतले इसाई आस्था पुरानो करार अनुसार विधिबिधान अपनाएर मान्नुपर्छ भन्ने धारणा थियो। तर जब पावलले आएर अब परमेश्वरको मुक्तिदिने कदम ती बिधिबिधानबाट बाहिरिएर विश्वव्यापीरूपमा फैलिनुपर्छ भन्दा तत्कालीन विश्वासीहरू उनको सन्देशलाई मान्न तयार भएका थिएनन्। विशेष गरेर बलिप्रथाको अन्त त्यसबेला भयो जब येशू क्रुसमा टाँगिनुभयो र अब बलिप्रथा वा मन्दिरमा पापको क्षमाको निम्ति गरिने कुनै पनि विधिहरूको औचित्य अब छैन भनेर पावलले सिकाउँदा यहूदी विश्वासीहरूलाई पचाउन गाह्रो भएको थियो। चर्चभित्र पावललाई बुझ्ने वा उनको नजिक रहने विश्वासीहरू स्थानीय यहूदीहरू नभएर विदेशी यहूदी वा हेलनिस्टिक अर्थात् पाश्चात्य ग्रीक र रोमी सभ्यतामा हुर्केका विश्वासीहरू थिए। तिनीहरूमा बार्नावास, फिलिप जो सातजना भाइमध्ये एक थिए (प्रेरित २१:८) र मनासोन थिए जो साइप्रसबाट आएका थिए (प्रेरित २१:१६)। धेरै वर्षपछि पनि यरुशलेमका चर्चका अगुवाहरूले जुन आधारभूत सन्देश स्तिफनसले प्रचार गरेका थिए त्यही सन्देश पावलले सुनाउँदा उनको विरोध नै गरिरहेका थिए (प्रेरित २१:२१)।

पन्द्र दिनसम्म पावल यरुशलेममा रहँदा (गलाती १:१८) येशूलाई विश्वास नगर्ने यहूदीहरूलाई सुसमाचार सुनाउने निर्णय गरेका थिए। तिनीहरूमा त्यही यहूदीहरू थिए जसले पावलको नेतृत्वमा केही वर्ष पहिले स्तिफनसको हत्या गरेका थिए। तर स्तिफनसले जस्तै उनले पनि ती यहूदीहरूबाट घोर विरोधको सामना गर्नुपऱ्यो। उनी ज्यान गुमाउने खतरामा परेका थिए। दर्शनमा येशूले पावललाई आफ्नो ज्यानको सुरक्षाको निम्ति यरुशलेम छोड्न आदेश दिनुभयो (प्रेरित २२:१७-२१ "१७ "यरूशलेममा फर्केर आएपछि मन्दिरमा प्रार्थना गरिरहँदा म ध्यान-मग्न भएँ। १८ उहाँले मलाई यसो भनिरहनुभएको मैले देखें, 'चाँड़ो गरेर यरूशलेमबाट निस्किहाल,

किनकि मेरो विषयमा तिमीले दिएको गवाही तिनीहरूले ग्रहण गर्नेछैनन्।’ १९
“मैले भनें, ‘हे प्रभु, मैले हरेक सभाघरमा गएर तपाईंमाथि विश्वास गर्नेहरूलाई
झ्यालखानमा हालेको र कुटपिट गरेको यिनीहरू सबैलाई थाहै छ। २०
तपाईंको साक्षी स्तिफनसको रक्तपात हुँदा म आफै पनि नजिकै उभी त्यस
हत्यामा सहमत भई, उसलाई मार्नेहरूका वस्त्र कुरेर बसेका थिएँ। २१ “तब
प्रभुले मलाई भन्नुभयो, ‘जाऊ, किनकि म तिमीलाई अन्यजातिहरूकहाँ टाढ़ा-टाढ़ासम्म पठाउनेछु’।”)। अनि विश्वासी साथीभाइहरूको मद्दतले पावल केसरियामा गए। यो जहाज ओहोरदोहोर गर्ने समुद्रको किनारामा रहने सहर थियो। त्यहाँबाट उनी आफ्नै घर किलकिलियामा गए। त्यहाँ उनी धेरै वर्ष रहे। अनि पछि सुसमाचार प्रचार गर्ने यात्रामा संलग्न भए।

## उपसंहारः

**थप जानकारीः** "जब कुनै सेनापति युद्धमा मारिन्छ तब सेनाहरूले आफ्नो अगुवा गुमाएको हुन्छ। तर सेनापति मऱ्यो भन्दैमा तिनका शत्रुहरूले थप बल पाउँदैनन्। तर कुनै उल्लेखनीय व्यक्ति शत्रुको सेनामा मिल्न जान्छ तब उसको सेनाले उसको सेवा गुमाएको हुन्छ र उसले गर्दा शत्रुहरूलाई थप बल मिल्दछ। जब इसाईहरूलाई सत्यानाश पार्न हिंडेका टार्ससका शाऊलले दमस्कसको बाटोमा येशूसँग जम्का भेट भयो तब उहाँले पावलको ज्यान त्यहीं अन्त गर्न सक्नुहुन्थ्यो। त्यसले गर्दा इसाईहरूलाई सताउने अगुवाको अधिकारको अन्त्य हुन्थ्यो होला। तर परमेश्वरको अपार अनुग्रह र कृपाले पावलको जीवनमात्र बचाउनुभएन तर उनको आस्थामानै परिवर्तन गर्नुभयो। यसरी शत्रुको पक्षमा रहेको इसाईहरूलाई नाश गर्ने बहादुर नाइके योद्धालाई येशूको पक्षमा सारियो।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. १२४बाट रूपान्तरित।

"येशूले उहाँका चेलाहरूलाई सारा राष्ट्रहरूमा गएर सिकाऊ भनेर आदेश दिनुभएको थियो। तर यहूदी मतबाट आएका र यहूदी धर्ममा सिकेका विद्याले गर्दा तिनीहरूका प्रभुले भनेको आदेश पूरा बुझ्न चेलाहरूलाई गाह्रो भएको थियो। त्यसले गर्दा उनीहरुले गर्नुपर्ने काम ढिलो हुनपुगेको थियो। अरू यहूदीहरू जस्तै येशूका ती यहूदी चेलाहरूले पनि आफूहरू अब्राहमका सन्तान भनेर मान्दै आफ्नो जातलेमात्र परमेश्वरको प्रतिज्ञाको हक पाउने भनेर विश्वास गर्दथे। येशू स्वर्गमा उक्लनुभएको धेरै वर्षपछिमात्र उहाँले दिनुभएको वचनको आशय तिनीहरूले बुझ्न सके र तिनीहरूको दिमाग यहूदीहरूमामात्र

सिमित नराखी अन्यजाति वा अयहूदीहरूलाई पनि सुसमाचार सुनाउनुपर्छ भनेर स्पष्टरूपमा फुलाउन सके।"-एलेन जी ह्वाइट, *स्केचेस फ्रम द लाइफ अभ पावल,* पृ. ३८बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. "मलाई किन सताएको" (प्रेरित ९:४ रूपान्तरित) भनेर येशूले पावललाई सम्बोधन गरेको बचनमा अझ धेरै ध्यान दिनुहोस्। नासरथको येशू पुनरुत्थान हुनुभयो भन्ने स्पष्ट भएको पावलको निम्ति त्यो वचनले जवाफ दिएको थियो। फेरि त्यो भन्दा बेसी त येशू र उहाँको चर्चको बीचमा के सम्बन्ध छ भनेर पनि त्यस प्रश्नले स्पष्ट पारेको थियो (मत्ती २५:३४-४५ हेर्नुहोस्)। येशूले भन्न खोज्नुभएको अर्थ स्पष्ट छ। कुनै खतरा वा हानी चर्चलाई कसैले पुऱ्याउँछ भने त्यो खतरा वा हानी येशूलाई नै गरेको ठहर्दछ। व्यवहारिक रूपमा हेर्ने हो भने आजको सन्दर्भमा पनि त्यसको अर्थ के हो?

आ. येशूको निम्ति साक्षी हुनुभनेको उहाँको निम्ति दुःख पाउनुपनि हो। विटनेस (**witness**) वा गवाही हुनु भन्ने ग्रीक शब्द मार्टिस (**martys**)बाट आएको हो। यसैबाट मार्टिडम (**martyrdom**) वा सहीद भन्ने शब्द निस्किएको हो। येशूको निम्ति दुःख पाउनु भन्नुको अर्थ त्यसले कसरी बताउँछ?

इ. ल्याटिन भाषामा एउटा उखान छ "**Credo ut intelligam**" (क्रिदो उट इनटेलिगम)। त्यसको अर्थ, "मैले बुझ्नुपरेकोले म विश्वास गर्दछु"। टार्ससको सावलको मामिलामा त्यस भनाइले कसरी बुझाउँछ? येशूलाई विश्वास गर्नुभन्दा पहिले उहाँको बारेमा पावलले बुझेका थिएनन्। जुन अनुभव उनले गर्नुपऱ्यो त्यसले मात्र उनले येशूको बारेमा बुझ्न सकेका थिए। हामीलाई स्पष्ट भएको सत्य आत्मज्ञानहरू अरूले बुझ्न नसक्दा हामीलाई कतिपय समयमा दिक्क लाग्न सक्छ। तर पावलको अनुभवबाट हामीले कस्तो पाठ सिक्न सक्छौं?

## कथा ५
## हे पिता, मलाई क्षमा दिनुहोस्!
## होरितारिसा,२४ जापान

म इसाई परिवारमा जन्मेको थिइन। जब म ठूलो भएँ परमेश्वरको बारेमा मैले कहिल्यै पनि सोचेको थिइन। जापानमा बान्ह करोड साठी लाख मानिसहरू छन्। तिनीहरू परमेश्वरप्रति वास्ता गर्दैनन्। परमेश्वरलाई पिता भनेर सम्बोधन गर्ने चलनले उहाँप्रति मेरो भावना राम्रो थिएन किनभने मेरो बुबाको धेरै व्यवहार मलाई मनपरेको थिएन।

जब म सानै थिएँ मेरा बुबा र आमा एक आपसमा छुट्नुभयो। म आमासँग रहन गएँ। तर बिदाको बेलामा म बुबालाई भेट्न जान्थैं। जब म १४ वर्षको थिएँ मेरो बुबा बिरामी हुनुभयो र शनिबार र आइतबार उनको हेरचाह गर्थें। उहाँको नर्स हुने मेरो थिएन। बुबालाई स्याहार्ने काम गाऱ्हो थियो। म सानै थिएँ र मैले गर्नुपर्ने काम धेरै थियो। मैले गुनासो पोखाउँथे। "मैले नै किन स्याहार गर्नुपर्ने" भनेर कचकच गर्थें। जब जब बुबालाई मैले भेटें तब तब मैले उहाँलाई भन्थें, "तपाईंदेखि मलाई वाक्क लाग्छ।" म धेरै रुन्थें। मेरो बुबा पनि रूनुहुन्थ्यो होला। केही समयपछि उनको देहान्त भयो।

फिलिम बनाउने काम सिक्न म अमेरिका गएँ। अमेरिकाको लस एन्जल सहरमा मेरो अध्ययन सुरू गर्नुभन्दा पहिले म सिकागो सहरमा गएँ। त्यहाँ मेरा आफन्तहरू थिए जो सेभेन्थ-डे एडभेन्टिस्टहरू थिए। साबथमा चर्च जान मलाई आग्रह गरे। मलाई चर्चको वातावरण मनपऱ्यो। इसाई चर्चमा गएको त्यो मेरो पहिलो अनुभव थियो।

जब म स्कुल जान थालें तब चर्चमा जाने समय पाएको थिइन। छ महिनापछि मेरा आफन्तहरूले लस एन्जलसमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च भेट्टाएका छौ कि भनेर सोधे। अन्तमा म ग्लिन्डेल फिलिपिनो सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गएँ। प्रवचन पछि घरमा गएर मेरी आमासँग स्काइपमा कुरा गर्ने मेरो योजना थियो। तर चर्च त म जस्तो युवायुवतीहरूले भरिएको थियो। चर्चबाट म निस्कन लाग्दा तिनीहरूले मलाई रोके। हामीले सँगसँगै खाना खायौं र त्यसपछि तिनीहरूसँग घुलमिल गर्न तिनीहरूले मलाई आग्रह गरे।

मेरो नयाँ साथीहरूले अर्को दिन उनीहरूसँग घुम्न बोलाए। तिनीहरूले दिनदिनै मलाई बोलाउँथे। तिनीहरूले मप्रति त्यस्तो किन दया देखाए भनेर मैले अचम्म माने। पछि मलाई थाहा भयो कि परमेश्वरले उहाँको प्रेम येशूलाई प्रेम गर्ने विश्वासीहरूबाट देखाउनुहुँदो रहेछ। परमेश्वरको प्रेमको बारेमा मैले धेरै जान्न चाहें। तिनीहरूलाई परमेश्वर र बाइबलको बारेमा धेरै प्रश्नहरू मैले गरें। एक जना साथी बाइबल सिकाउने काम गर्दथी। उनले मलाई बाइबल सिकाउन थालिन्।

मेरा साथीहरू मलाई मन परेको थियो र मैले बप्तिस्मा लिन चाहें। तर मैले मेरो बुबालाई नराम्रो व्यवहार गरेको बिर्सेको थिइन। बुबाले मलाई क्षमा दिनुभएको म चाहन्थें।

एक रात मैले सपना देखें। मेरो बुबा भुईंमा पल्टिरहनुभएको मैले देखें। उहाँको अनुहार सेतो थियो र उहाँ मर्नै लागेको जस्तो हुनुहुन्थ्यो। उहाँले मलाई टक्क लगाएर हेर्नुभयो तर केही पनि भन्नुभएन। उहाँले मलाई कहिल्यै पनि क्षमा दिनुहुन्न भनेर मैले सोचें।

अर्को रात पनि फेरि त्यही सपना देखें। फेरि मेरो बुबा भुईंमा लोटिरहनुभएको मैले देखें। तर यसबेला उहाँ मलाई हेरेर मुस्कुराउनुभयो र भन्नुभयो "धन्यवाद।" "मेरो बुबाले मलाई क्षमा दिनुभयो। परमेश्वरले पनि हामीलाई त्यही गर्नुहुन्छ। हामी सधैं राम्रो बाटोमा नलागेतापनि हामीले क्षमा माग्यौं भने परमेश्वरले क्षमा दिनुहुन्छ र हामीलाई प्रेम गर्नुहुन्छ" भनेर मैले सोचें।

जब सपनामा मेरो बुबाले "धन्यवाद" दिनुभयो अनि मलाई मुक्तिको आनन्द पहिलो पटक अनुभव भयो। मेरो मनमा भएको गरुङ्गो भारी बिलाएर गयो। मलाई थाहा छ कि मैले क्षमा पाइसकेको छु। म ब्युँझे र प्रार्थना गरें। "प्रभु तपाईंलाई धन्यवाद छ। येशूले मलाई क्षमा दिनुभयो। ममा येशूको प्रेम भएको महसुस गरेको छु।" मैले मनमनै भनें।

बप्तिस्माको निम्ति खडा भएको तगारो त्यस सपनाले हटाइदियो। परमेश्वरले मलाई क्षमा दिन सक्नुहुन्छ र उहाँको प्रेमको प्रवाह चर्चका विश्वासीहरूबाट मैले अनुभव गरें। १ यूहन्ना ४:१२ अब मैले बुझें। त्यसमा लेखिएको छ, "यदि हामीहरूले एक आपसमा प्रेम गऱ्यौ भने परमेश्वर हामीहरूसँग रहनुहुनेछ, र उहाँको प्रेम हामीमा सिद्ध भएको छ।"

मैले सपना देखेको तिन महिनापछि बप्तिस्मा लिएँ। त्यसबेला मेरा भतिजीहरू पनि त्यो उत्सबमा सामेल हुन आए। मेरो निर्णयप्रति तिनीहरू छक्क परेका थिए तर तिनीहरू खुशी थिए।

अब म २४ वर्षकी भएकी छु। जापानको राजधानी टोकियो नजिक एक गैरसरकारी संस्थामा काम गरिहरेकी छु। कार्टुन फिलिमहरू नसिक्ने मैले निर्णय गरें किनकि ती फिलिमहरू प्रायजसो जापानमा भिडियो खेलमा प्रयोग गरिन्छ। भिडियो खेलहरू बनाउन मैले चाहिँन। चित्रकलाबाट बालबालिकाहरूलाई सञ्चो पार्ने काम मैले गरिरहेकी छु। जापानको उत्तरी भागमा सन् २०११मा आएको भूकम्पले धेरै बालबालिकाहरू त्रासमा परेको थियो। मेरो संस्थाले तिनीहरूको डर हटाउन चित्र कोराएर सहयोग गऱ्यो।

मेरी आमाको निम्ति पनि मैले प्रार्थना गरिरहेको छु। उनले पनि येशूलाई ग्रहण गरुन् भन्ने म चाहन्छु। जापानको सतागया चर्चले म जस्तो सेभेन्थ-डे एडभेन्टिस्ट युवायुवतीहरूलाई जापानमा सुसमाचार प्रचार गर्न तालिम दिइरहेको छ। यस त्रैमासिकको भेटी उक्त कामलाई सघाउनेछ।

(यो कथा होरितारिसाले आन्द्रु मेकचेस्नेलाई भनेकी थिइन्। बुबा मलाई क्षमा दिनुहोस् भन्ने रिसाको कथा *bit.ly/forgive-me-father* इन्टरनेटमा हेर्न सकिन्छ।

## जापानको बारेमा जानकारीः

-जापान एशियाको पूर्वी भागमा छ। यो देश टापु नै टापुहरूले जोडिएको देश हो। त्यहाँ चार मूख्य टापुहरू छन्ः होकायडो, शिकोकु, होन्शु र क्यउशु। अरू ४००० साना साना टापुहरू छन्।

-भौगोलिक बनावटले गर्दा जापानमा बराबर भूकम्प हुन्छ। जापानमा प्रत्येक वर्ष १००० भन्दा बारम्बार भूकम्प जान्छ। जापानमा २०० ज्वालामुखीहरू छन्। तिनीहरूमा ६० ज्वालामुखीहरू सक्रिय छन्- जापानमा शिन्तो धर्म मान्नेहरू सबभन्दा धेरै छन्। ८०प्रतिशत जनताले त्यो धर्म मान्छन्। तर थोरै प्रतिशतले मात्र शिन्तो धर्म मानेको स्वीकार्दछन्। यो प्रकृतिलाई  पूजा गर्ने धर्म हो।